# आजादीका अमृत महोत्सव
# भारतको ७४ औं गणतन्त्र दिवस

## आजादीका अमृत महोत्सव सप्ताह (२०७९ माघ ६ देखि १२ गते सम्म)





o २०७९ माघ ६ गते नेपाली सेनाको सभामण्डपमा भारतीय सांगीतिक समूह कर्नाटिक २.० नेपाली सांगीतिक समूह कुटुम्बको प्रस्तुती रहेको 'संगीत सुकून' सांगीतिक कार्यक्रमको आयोजना भयो । कार्यक्रममा नेपालका सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड', पूर्व प्रधानमन्त्रीहरू श्री केपी शर्मा ओली, श्री माधव कुमार नेपाल, डा. बाबुराम भट्टराई र वरिष्ठ नेता श्री महन्थ ठाकुरको उपस्थिति रहेको थियो । कार्यक्रममा माननीय परराष्ट्रमन्त्री श्रीमती विमला राई पौड्याल, माननीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री श्री दामोदर भण्डारी तथा नेपाली सेनाका प्रधान सेनापति महारथी श्री प्रभुराम शर्माको समेत उपस्थिति रहेको थियो । कर्नाटिक २.० ले २०७९ माघ ७ गते पाटन दरबार स्क्वायरमा पनि साङ्गीतिक प्रस्तुति दियो ।




o वातावरण मैत्री जीवनशैली LiFE (Lifestyle for Environment) को अवधारणालाई प्रवर्धन गर्न हेतु मिति २०७९ माघ ७ गते पशुपति मन्दिर परिसरमा ५ किमि लामो दौडको आयोजना गरियो । दौडमा १००० भन्दा बढीको सहभागिता थियो ।




o भारतीय राजदूतावासले INTACH सँगको सहकार्यमा प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षणबारे ज्ञान आदानप्रदान सम्बन्धि अन्तर्राष्ट्रिय सेमिनारको आयोजना गऱ्यो ।



o Connecting with the Diaspora: नेपालमा रहेका भारतीय विद्यार्थीका लागि आयोजित "छात्र प्राज्ञ प्रतियोगिता", निवन्ध लेखन तथा चित्रकला प्रतियोगिता




o भारत र नेपालका स्टार्टअपहरूलाई एक ठाँउमा ल्याउन भारतीय राजदूतावास, काठमाडौं र नेपाल उद्योग परिसंघ युवा उद्यमी मञ्चसँगको संयुक्त प्रयासमा 'भारत-नेपाल स्टार्टअप कनेक्ट' को आयोजना ।




o दक्षिण एसियाली अध्ययन केन्द्र (सीसास) को सहकार्यमा भारतीय राजदूतावासद्वारा भारत-नेपाल विकास साझेदारी कन्क्लेभको आयोजना ।



o दुई देशका कालाकारहरूका अनुभव साटासाट गर्न India-Nepal Artisan Exchange को आयोजना

## राजदूतको सन्देश



भारतको ७४ औं गणतन्त्र दिवसको अवसरमा सबै भारतीय मित्रहरू तथा नेपालमा रहनुभएका भारतका मित्रहरूमा म न्यानो अभिवादन टक्रयाउन चाहन्छु ।

भारत र नेपालबीचको सभ्यतागत सम्बन्ध साझा साँस्कृतिक तथा धार्मिक परम्परा र जनता-जनताबीचको बलियो सम्बन्धको जगमा उभिएको छ । दुई देशबीचको बहुपक्षीय साझेदारीले वर्तमान समयमा यो सम्बन्धलाई थप बलियो बनाएको छ । भारतको 'छिमेकी पहिलो' नीतिले हाम्रो नेपालसँगको सम्बन्धलाई विशेष महत्व दिएको छ । दुवै पक्षबाट हुने उच्चस्तरीय भ्रमणको परम्पराले गत वर्ष पनि निरन्तरता पायो । गत वर्ष प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण र नेपालका सम्माननीय पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण लगायत दुवै देशका नेताहरूको उच्चस्तरीय भ्रमण भयो । यी भ्रमणहरूले हाम्रो साझेदारीलाई नयाँ गति दिएको छ । भारत र नेपालका सेनाप्रमुखलाई एक अर्काको मनार्थ सम्मान दिने विशिष्ट परम्परालाई निरन्तरता दिँदै सन् २०२२ सेप्टेम्बरमा नेपालका सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले भारतीय सेनाध्यक्ष जनरल मनोज पाण्डेलाई नेपाली सेनाको मानार्थ महारथी दर्जा प्रदान गर्नुभयो ।

भारत-नेपाल विकास साझेदारी हाम्रो सम्बन्धको महत्त्वपूर्ण पक्षको रूपमा रहेको छ । सन् २०२२ अप्रिल यता नेपालमा २०७२ सालको भूकम्पपछि निर्माण गरिएका ४८ वटा पुनर्निर्माण परियोजनाहरू सहित ७५ वटा विकास साझेदारी परियोजनाहरूको सफलतापूर्वक उद्घाटन भएको छ । यी परियोजनाहरूले विविध क्षेत्र समेटेको छ । प्रधानमन्त्री मोदी र देउवाद्वारा जयनगर र कुर्थाबीचको पहिलो अन्तरदेशीय ब्रोडगेज यात्रु रेल सेवाको शुभारम्भ, नेपालमा रूपे कार्डको सुरूवात, सोलु करिडोर प्रसारण लाइनको उद्घाटन र राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको साथै नेपालको दार्चुला र भारतको धार्चुला जोड्ने मोटरेबल पुलको शिलान्यासले दुई देशबीचको साझेदारीलाई अझ सुदृढ बनाउनेछ । फलस्वरूप यो साझेदारीले पारस्परिक लाभका लागि आर्थिक गतिविधिलाई घनीभुत बनाउन मद्दत गर्ने मात्र नभई हाम्रा जनता-जनताबीचको सम्बन्धलाई पनि बलियो बनाउनेछ । उर्जा क्षेत्रमा सहकार्य सम्बन्धी संयुक्त दृष्टिकोणपत्र अनुरूप गत वर्ष नेपालबाट ठूलो मात्रामा भएको जलविद्युतको निर्यातले हाम्रो साझेदारीमा नयाँ अध्यायको सुरूवात भएको संकेत गर्दछ । यस्तो निर्यात आगामी वर्षहरूमा थप वृद्धि हुने अपेक्षा गरिएको छ ।

बहुपक्षीय क्षेत्रमा सहयोग एवम् समन्वय विस्तार गर्न हाम्रो साझेदारी अब द्विपक्षीय क्षेत्रमा मात्र सीमित छैन । यो वर्ष भारतको अध्यक्षता रहेको जी-२० को फाइनान्स ट्र्याकमा नेपाललाई साझेदारको रूपमा आमन्त्रित गरिएको छ । यस पटक जी-२० को मूलनारा "वसुधैव कटुम्बकम्" वा एक पृथ्वी, एक परिवार, एक भविष्य रहेको छ जसले भारतको सदियौं पुरानो लोकव्यवहारलाई प्रतिबिम्बित गर्दछ । जी-२० को अध्यक्षताको दौरान ठूलो मात्रामा भएको डिजिटल सार्वजनिक सामान (DPG) को सफल प्रयोग लगायत विकासका अनुभवहरू नेपाल सहित अन्य साझेदारहरूसँग साट्ने भारतको प्रयास हुनेछ ।

हाम्रो द्विपक्षीय साझेदारीको गतिलाई निरन्तरता दिदै साझा एवम् समृद्ध भविष्यका लागि नेपालमा रहनुभएका हाम्रा सबै मित्र र सरोकारवालाहरूसँग भारतले आगामी दिनमा मिलेर काम गर्नेछ ।

नवीन श्रीवास्तव

## सांस्कृतिक सम्पर्क




o स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले नेपाल सांस्कृतिक संस्थान, पशुपति क्षेत्र विकास कोष र बुढानीलकण्ठ मन्दिरसँग मिलेर भारत र नेपालको कला, संस्कृति र पर्वहरूलाई प्रवर्धन गर्न हेतु मासिक रूपमा विभिन्न कार्यक्रम गर्दै आएको छ ।





o बालबालिकाका लागि Fun & Learn Personality Development Camp: उक्त पाँच दिने व्यक्तित्व विकास क्याम्पमा निजी, सरकारी तथा CBSE विद्यालयका ६६ जना विद्यार्थीको सहभागिता थियो । योग, नृत्य, संगीत, परम्परागत खेल तथा हस्तलेखन सम्बन्धि क्याम्प सञ्चालन

## भारत-नेपाल विकास साझेदारी

सन् २०२२ को अप्रिल देखि सन् २०२३ को जनवरीसम्म भारत-नेपाल विकास साझेदारी अन्तर्गत ७५ वटा परियोजनाको सफलतापूर्वक उद्घाटन भएको छ । उद्घाटन भएको परियोजनाहरूमा १७ वटा उच्च प्रभाव सामुदायिक विकास परियोजना, ४८ वटा भूकम्पपछिको पुनर्निर्माण परियोजना (७ जिल्लाका ३० वटा विद्यालय र ४ जिल्लाका १८ वटा स्वास्थ्य पूर्वाधार) पर्दछन् । यी परियोजनाहरूको उद्घाटन सन् २०२३ जनवरीमा आयोजित भारत-नेपाल विकास साझेदारी कन्क्लेभका क्रममा भएको हो । २०७२ सालको भूकम्पले क्षति पुर्याएका ११ जिल्लाका शिक्षा तथा स्वास्थ्य परियोजनालाई १० करोड अमेरिकी डलरका दरले सहयोग प्रदान गर्ने प्रतिबद्धता भारत सरकारले गरेको छ ।

### जयनगर-कुर्था-बिजलपुरा रेलमार्ग

o भारत र नेपालका प्रधानमन्त्रीले २०७८ चैत्र १९ गते नयाँ दिल्लीबाट ३४.९ किमि लामो जयनगर (भारत)-कुर्था (नेपाल) रेल खण्डको उद्घाटन गर्नुभयो । जयनगर-बिजलपुरा-बर्दिबास रेलमार्ग परियोजना अन्तर्गतको यस रेल खण्डको निर्माण नेरू ८ अर्ब ७७ करोडको लागतमा भएका हो ।





### उच्च प्रभाव सामुदायिक विकास परियोजना,





### राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान परियोजनाको भूमि पूजन

o भारत सरकारको नेरू १००० करोड अनुदान सहयोगमा काभ्रेपलाञ्चोक जिल्लामा निर्माणाधीन राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान परियोजनाको भूमि पूजन कार्यक्रम सु-सम्पन्न । यस परियोजनाको कुल क्षेत्रफल करिब ८४ एकडको रहकोमा क्याम्पस भवनको निर्माण झण्डै २७ एकड क्षेत्रफलमा हुनेछ ।

### निर्वाचन सञ्चालनका लागि सवारी साधन



o भारतले नेपालका विभिन्न संस्थालाई २०७९ कार्तिकमा सञ्चालित आम निर्वाचनलाई थप व्यवस्थित गर्न २०० वटा सवारीसाधन उपहारस्वरूप प्रदान गर्यो ।

### एम्बुलेन्स र स्कूल बस उपहारस्वरूप प्रदान

o गएको एक वर्षमा भारत सरकारले नेपाललाई ७५ वटा एम्बुलेन्स र १७ वटा स्कुल बस उपहारस्वरूप प्रदान गरिसकेको छ । सन् १९९४ यता भारतले नेपालका विभिन्न जिल्लाका लाभग्राही संस्थाहरूलाई हालसम्म ९४० वटा एम्बुलेन्स र १८४ वटा स्कुल बस उपलब्ध गराइसकेको छ ।





### विपद् तथा राहत सामग्री सहयोग

o २०७९ आषाढमा भारतले नेपाललाई ३००० टेन्ट सहित बाढी तथा विपद् राहत सामाग्री हस्तान्तरण गर्यो ।



o २०७९ आश्विनमा भारत सरकारको आर्थिक सहयोगमा भारतको धार्चुला र नेपालको दार्चुला जोड्ने महाकाली नदीमा निर्माण हुने ११० मिटर लामो मोटरेबल पुलको शिलान्यास गरियो ।

### सोलु कोरिडोर प्रसारण लाइन परियोजना, सोलुखुम्बु

o २०७८ चैत्रमा भारत सरकारको सहयोगमा निर्मित १३२ केभि सोलु कोरिडोर प्रसारण लाइन परियोजनाको उद्घाटन भयो । यो परियोजनाले विद्युत तथा उर्जाको क्षेत्रमा भारत र नेपालबीच भएको विकास साझेदारीलाई प्रतिबिम्बित गर्छ ।



## क्षेत्रगत सहकार्यलाई सुदृढ बनाउदै



२०७९ आश्विनमा आयोजित भारत-नेपाल संयुक्त जलस्रोत समितिको नवौं बैठक र भारत-नेपाल संयुक्त स्थायी प्राविधिक समितिको सातौं बैठकले जलस्रोतको क्षेत्रमा दुई देशबीच भएको द्विपक्षीय सहकार्यको व्यापक समीक्षा गऱ्यो ।



सन् २०२२ सेप्टेम्बरमा नेपाल सशस्त्र बलको जंगीअड्डामा सीमा सशस्त्र बलका डीजी र नेपाल सशस्त्र बलका प्रहरी महानिरिक्षकबीच छैठौं भारत-नेपाल समन्वय बैठक

## रक्षा सहकार्य



भारतीय सेनाका प्रमुख जनरल मनोज पाण्डेलाई नेपालका सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीद्वारा मिति २०७९ भाद्रमा नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिन्ह प्रदान ।



सूर्यकिरणः भारत-नेपाल संयुक्त सैन्य अभ्यास 'सूर्यकिरण' को १६ औं संस्करण २०७९ पौष मा सम्पन्न भयो । अभ्यासका दौरान भारतीय सेना र नेपाली सेनाका पैदल सैन्यदलले अन्तर-सैन्य युद्ध क्षमतालाई सुदृढ बनाउन र Counter Insurgency तथा मानवीय सहायता एवम् विपद् राहत अप्रेसनबारे अनुभव साटासाट गर्न सँगै मिलेर तालिम गरे ।

## शैक्षिक आदानप्रदान



भारत सरकारले भारतीय राजदूतावास, काठमाडौं मार्फत नेपाली विद्यार्थीहरूलाई भारत र नेपालमा पीएचडी, स्नातकोत्तर, स्नातक तथा प्लस-टु तहका विभिन्न कोर्ष अध्ययनका लागि प्रत्येक वर्ष झण्डै १५०० वटा शैक्षिक छात्रवृत्ति प्रदान गर्दछ । यो छात्रवृत्ति इन्जिनियरिङ्ग, औषधी विज्ञान, कृषि, नर्सिङ, खाद्य प्रविधि, कम्प्युटर एप्लिकेसन, व्यापार प्रशासन, संगीत तथा फाइन आर्टस् जस्ता विषय अध्ययनका लागि प्रदान गरिन्छ ।

| नेपालमा अध्ययनका लागि | | भारतमा अध्ययनका लागि | |
|---|---|---|---|
| ५०० | कक्षा ११ र १२ मा अध्ययनका लागि महात्मा गाँन्धी छात्रवृत्ति योजना | ७०० | स्नातक, स्नातकोत्तर र पीएचडी तहका विभिन्न कोर्ष अध्ययनका लागि |
| २०० | स्नातक तहका विभिन्न विषय अध्ययनका लागि स्वर्ण जयन्ती छात्रवृत्ति योजना | ३३ | भारतको आर्मी पब्लिक स्कुलमा अध्ययनका लागि |